Funded by the European Union

# EWER तेश्रो-त्रैमासिक प्रतिवेदन

## सेप्टेम्बर २०१५ देखि नोभेम्बर २०१५ सम्मका सूचनाको आधारमा तयार पारिएका

### पृष्ठभूमि :

देशमा नागरिकको अधिकारको अवस्था कस्तो छ, द्वन्द्वका सम्भावना के कस्ता छन् र तिनलाई कसरी न्यूनीकरण गर्न सकिन्छ भन्ने जानकारी हासिल गर्नलाई यो प्रतिवेदनले मद्दत गर्छ । देशका पाँच विकास क्षेत्रमा रहेका हाम्रा पाँच जना प्रतिनिधिहरूले हामीलाई उपलब्ध गराएको सूचना र जानकारीको आधारमा यो प्रतिवेदन तयार पारिएको हो । सेप्टेम्बर २०१५ देखि नोभेम्बर २०१५ सम्मका जानकारी यस प्रतिवेदनमा समेटिएका छन् । सुशासन, सामाजिक एकता/तनाव, राजनीतिक तनाव/परिचालन, स्रोत-साधनमाथिको द्वन्द्व, सङ्क्रमणकालीन न्याय/न्यायमा पहुँच, भूकम्पपछिको राहत/सहयोग वितरणसम्बन्धी चुनौती/द्वन्द्व र प्रवृत्ति शीर्षकमा सूचना संकलन गरिएको थियो । यहाँ यी विभिन्न शीर्षकमा प्राप्त जानकारीबारे विश्लेषण तथा चर्चा गरिएको छ ।

### सारांश :

- **राजनीतिक दलहरूले गर्ने बन्द तथा हड्तालले गर्दा प्रशासनिक सेवामा सर्वसाधारणको पहुँच प्रभावित भई सेवाग्राहीले सेवा पाउन नसकेको देखियो । मधेसी लोकतान्त्रिक मोर्चाको सीमा नाका धर्ना तथा भारतीय नाकावन्दी एवं त्यसबाट सिर्जित समस्याले गर्दा पनि सेवाग्राहीलाई प्रशासनिक लगायतका सुविधामा सहज पहुँच हुन नसकेको पाइयो ।**

- **दण्डहीनता र पितृसत्तात्मक सामाजिक संरचनाले गर्दा महिलामाथि हुने विभेद, दुर्व्यवहार र हिंसालाई नियन्त्रण गर्न नसकिएको हुँदा त्यस्ता प्रकारका घटना समाजमा बढिरहेको पाइन्छ । यस अवधिमा पनि महिला तथा बालिकामाथि हुने हिंसा तथा यौनिक हिंसा जस्ता गतिविधिहरू समेत भएको पाइयो । साथै बोक्सीको आरोपमा महिलालाई दुर्व्यवहार गरेको पनि पाइयो ।**

- **विगतका प्रतिवेदनमा उल्लेख गरिएझैँ यस अवधिमा पनि जातीय छुवाछूत र विभेदका घटना भएको पाइयो । खास गरी दलित जातिलाई अन्य जातकाले छुवाछूत र भेदभाव गर्ने, सार्वजनिक ठाउँमा गाली बेइज्जती गर्ने घटना यस अवधिमा देखा परे ।**

- **मधेसमा लगातार भएको बन्द, सीमा नाकाको धर्ना र नाकाबन्दीले यसका पक्ष र विपक्षमा समुदायबीच भित्रभित्रै तिक्तता ल्याइरहेको पाइयो । यस सन्दर्भमा मधेस र भारत दुवै जोडिएकाले यसमा नागरिकहरूबीच वैचारिक ध्रुवीकरण ल्याए पनि देखिने गरी सामाजिक सद्भाव नबिग्रिएको पाइयो । सद्भाव बिग्रन नदिनका लागि केही प्रयास पनि भएको पाइयो ।**

- **अघिल्लो प्रतिवेदनमा उल्लेख गरिएझैँ मधेसमा मधेसी मोर्चाको आह्वानमा भएको आन्दोलनमा हिँसाका गतिविधि बढेका थिए जसको फलस्वरूप आन्दोलनकारीको मृत्यु हुने, उनीहरू घाइते हुने र भौतिक सम्पत्तिको क्षति हुने जस्ता घटना यस अवधिमा पनि देखा परे ।**

- **अधिकांश द्वन्द्व पीडितहरूले आंशिक राहत मात्रै पाएको र केही पीडितहरूले अझै केही पनि पाउन नसकेको भेटियो । उनीहरूको न्याय पाउने आशा अझै कायम रहेको तर राज्यको त्यसलाई सम्बोधन गर्ने तर्फको क्रियाकलाप निराशाजनक देखिएको छ ।**

- **भूकम्पका पीडितले तत्कालको राहत पाए पनि अल्पकालीन र दीर्घकालीलन राहत पाउन सकेका छैनन् । वर्षा याममा पहिरो, असिना, आदिको जोखिममा रहेका पीडितहरू जाडो मौसमको सुरुवातसँगै न्यानो लुगा नहुनु, पर्याप्त खाद्य सामग्रीहरू उपलब्ध नहुनु जस्ता समस्याबाट गुज्रेको पाइएको छ ।**

## १.सुशासन

**राजनीतिक दलहरूले गर्ने बन्द तथा हड्तालले गर्दा प्रशासनिक सेवामा सर्वसाधारणको पहुँच प्रभावित भई सेवाग्राहीले सेवा पाउन नसकेको देखियो । मधेसी लोकतान्त्रिक मोर्चाको सीमा नाका धर्ना तथा भारतीय नाकावन्दी एवं त्यसबाट सिर्जित समस्याले गर्दा पनि सेवाग्राहीलाई प्रशासनिक लगायतका सुविधामा सहज पहुँच हुन नसकेको पाइयो ।**

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले २०७२ साउन ३२ गतेदेखि जारी राखेको अनिश्चितकालीन बन्द यो प्रतिवेदनले समेटेको अवधि (भदौ १६ देखि मंसिर १४ सम्म) मा पनि जारी रह्यो जसले गर्दा मधेसका दक्षिणी भेगमा अवस्थित सरकारी कार्यालय नखुल्दा सेवाग्राहीहरू सेवा लिनबाट बञ्चित भएको पाइयो (त्रैमासिक प्रतिवेदन– मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह पूर्वाञ्चल, इन्सेक मध्यमाञ्चल, इन्सेक पश्चिमाञ्चल, मध्य पश्चिमाञ्चल विश्वविद्यालय, इन्सेक सुदूरपश्चिमाञ्चल) ।

राज्यले दिने सुविधा पनि बन्द, हड्ताल र नाकाबन्दीका कारण नराम्ररी प्रभावित हुन गयो । जनस्वास्थ्य कार्यालय कलैयाका खोप फाँट प्रमुखले गाडी बन्दको अवस्था र खोप अभावले सिम्रौनगढ क्षेत्रका १९ गाविसमा गर्भवती महिला तथा जन्मेदेखि एक वर्ष मुनिका बालबालिका खोप पाउनबाट बञ्चित भएको बताएका थिए (त्रैमासिक प्रतिवेदन, इन्सेक, मध्यमाञ्चल) । रूपन्देही जिल्लाका दक्षिणी भेगका गाविसहरूमा पनि सरकारी कामकारबाही हुन सकेनन् । तीमध्ये करिब ६ वटा गाविस कार्यालयमा आन्दोलनकारीले आगजनी, तोडफोड र तालाबन्दी गरेको पाइयो । रूपन्देही जिल्ला विकास समितिका सूचना अधिकृतले मर्चवार क्षेत्रका गाविसहरूमा तालाबन्दी भएको र अरूमा पनि काम गर्ने वातावरण नभएको भन्दै गाविस सचिवहरूले गुनासो गरेको हाम्रा प्रतिनिधिलाई बताएका थिए (त्रैमासिक

प्रतिवेदन,इन्सेक पश्चिमाञ्चल) । मधेस क्षेत्रका विद्यालयको पठनपाठन पनि आन्दोलनका कारण प्रभावित बनेकाले बालबालिकाको पढाइमा नकारात्मक असर परेको बताइएको छ । मधेसमा यातायात सेवा ठप्प भए पनि विभिन्न जिल्लामा स्थानीय प्रशासनले सुरक्षा प्रदान गरी लामो दूरीका सवारी साधन चलाउने प्रयास गरेको भने पाइयो ( त्रैमासिक प्रतिवेदन– मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह पूर्वाञ्चल, इन्सेक मध्यमाञ्चल, इन्सेक पश्चिमाञ्चल, मध्य पश्चिमाञ्चल विश्वविद्यालय, इन्सेक सुदूरपश्चिमाञ्चल) ।

पछिल्लो समयमा मधेसी मोर्चाले सीमा नाकामा धर्ना दिएपछि इन्धनको अभावले गर्दा पनि राज्यले नागरिकलाई प्रदान गर्ने सबै किसिमका सुविधा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित भएको देखियो । यस अवधिमा देश भरकै स्वास्थ्य चौकी तथा अस्पतालहरूमा औषधी, अक्सिजन आदिको आपूर्तिमा कमी आएको पाइयो । सरकारले निःशुल्क भनी वितरण गरिरहेका सामान्य तर महत्वपूर्ण औषधीको अभावले गर्दा देशभरिका स्वास्थ्य चौकीहरूमा समस्या देखा परेको थियो । एम्बुलेन्स सेवा समेत प्रभावित भएका कारण जाजरकोट जिल्लामा एक सुत्केरी महिलाको पेटमा शल्यक्रियाको क्रममा शरीरको भित्री भागमा सियो अड्के पनि चौध दिनपछि मात्र थप उपचारका लागि नेपालगञ्ज ल्याई पुर्‍याइएको थियो (त्रैमासिक प्रतिवेदन, मध्य पश्चिमाञ्चल विश्वविद्यालय) ।

नाकाबन्दीका कारण इन्धन र खाद्यपदार्थको अभाव भएको र त्यसले संकटको स्थिति ल्याएको देशभरि नै पाइयो । यसका साथसाथै कालोबजारी र मूल्यवृद्धि पनि देशका अधिकांश भागमा फैलिएको भेटियो । कमजोर गुणस्तरका इन्धन र खाद्य पदार्थ खुलेआम विक्री भएको पनि पाइयो । यद्यपि त्यस्तो कालोबजारी र मूल्यवृद्धि नियन्त्रण गर्ने, कमसल सामान विक्री गर्नेलाई कारबाही गर्नेतर्फ स्थानीय प्रशासनले ध्यान दिन सकेको संकेत पाइएन (त्रैमासिक प्रतिवेदन– मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह पूर्वाञ्चल, इन्सेक मध्यमाञ्चल, इन्सेक पश्चिमाञ्चल, मध्य पश्चिमाञ्चल विश्वविद्यालय, इन्सेक सुदूरपश्चिमाञ्चल) ।

यसअघिको प्रतिवेदन अवधिमा जस्तै अहिले पनि विभिन्न जिल्लाका गाविसमा सचिव, स्वास्थ्य इन्चार्ज, जुनियर टेक्निकल असिस्टेन्ट (जेटिए) हरूको नियमित उपस्थिति नभएका कारण आम नागरिकहरूले पाउने सेवा प्रभावित भई नै रहेको भेटियो । कतिपय जिल्लामा दरवन्दीअनुसार गाविस सचिवको संख्या अपुग भएकाले पनि एक गाविस सचिवले दुई या तीन गाविस हेर्नुपर्ने समस्या रहेको पाइयो । रसुवा जिल्ला त्यसको एक उदाहरण हो । जिल्ला विकास समिति रसुवाका अनुसार यस जिल्लाका जम्मा १९ गाविसका लागि ७ जना मात्रै सचिव उपलब्ध भएकाले उनीहरूले नै सम्पूर्ण गाविसको काम धान्नु परेको थियो । ती गाविस सचिव गाविस कार्यालयमा नबसी सदरमुकाममा बस्ने र कहिले कुन कहिले कुन गाविस जाने भएकोले सेवाग्राही नागरिक मर्कामा परेको पाइयो (त्रैमासिक प्रतिवेदन, इन्सेक मध्यमाञ्चल) ।

## २. सामाजिक एकता/तनाव

**दण्डहीनता र पितृसत्तात्मक सामाजिक संरचनाले गर्दा महिलामाथि हुने विभेद, दुर्व्यवहार र हिंसालाई नियन्त्रण गर्न नसकिएको हुँदा त्यस्ता प्रकारका घटना समाजमा बढिरहेको पाइन्छ । यस अवधिमा पनि महिला तथा बालिकामाथि हुने हिंसा तथा यौनिक हिंसा जस्ता गतिविधिहरू समेत भएको पाइयो । साथै बोक्सीको आरोपमा महिलालाई दुर्व्यवहार गरेको पनि पाइयो ।**

देशका विभिन्न भागमा महिलामाथि बलात्कार/बलात्कारका प्रयास, गालीगलौज, कुटपिट र हत्याका घटनाहरू विभिन्न स्थानमा भएको पाइयो । मध्यमाञ्चल क्षेत्रमा हेर्ने हो भने यो तीन महिनाको अवधिमा मकवानपुर जिल्लामा एक महिला र महोत्तरी जिल्लामा एक बालिका गरी दुई जनाको सामूहिक बलात्कारपछि हत्या भएको पाइयो । सिन्धुपाल्चोकमा एक बालिका बलात्कार प्रयासबाट पीडित भइन् भने एक महिला बलात्कृत भएको पाइयो । त्यस्तै

धादिङ, महोत्तरी, चितवन जिल्लामा एक एक जना र नुवाकोट, मकवानपुर, दोलखा, र बारा जिल्लामा दुई दुई जना गरी ११ जना बालिका बलात्कार तथा बलात्कार प्रयासबाट पीडित भएका थिए भने सिन्धुपाल्चोक जिल्लामा एक जना महिला बलात्कृत भएको पाइयो (त्रैमासिक प्रतिवेदन, इन्सेक मध्यमाञ्चल) । बालिका र महिलामाथि यस्ता बलात्कार र बलात्कारको प्रयासका घटना ताप्लेजुङ, इलाम, तेह्रथुम पाँचथर, खोटाङ, कास्की लगायत देशका अन्य जिल्लामा पनि भएको पाइयो (त्रैमासिक प्रतिवेदन– मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह पूर्वाञ्चल र इन्सेक पश्चिमाञ्चल) ।

यसै गरी, मकवानपुर जिल्लामा बालविवाह र इलाम जिल्लामा बहुविवाह गरेको आरोपमा पीडकहरूलाई नेपाल प्रहरीले कारबाही अघि बढाएको पाइयो । यी दुवै घटनामा महिला नै पीडित भएका थिए (त्रैमासिक प्रतिवेदन– इन्सेक मध्यमाञ्चल र मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह पूर्वाञ्चल) ।

नेपाली समाजमा अन्धविश्वासी केही परम्पराले जरो गाडेर बसेका छन् जसले महिलालाई झन् बढी पीडित बनाउँछन् । तिनै मध्येको एक हो बोक्सीको आरोप । यस अवधिमा पनि बोक्सीको आरोपमा महिलालाई दुर्व्यवहार गरिएको पाइयो । धनुषा जिल्ला गिद्धाबेलापट्टी गाविस-८ की एक महिला र उनका परिवारलाई छिमेकी पुरुषहरूले २०७२ असोज ६ गते घरभित्र प्रवेश गरी कुटपिट गरे । विष सेवन गरी मरेको छिमेकीको छोरोलाई उक्त महिलाले नै बोक्सी लगाई मारेको भन्दै कुटपिट गरेको पीडित पक्षले बताएका थिए । यस्तै घटना नुवाकोट जिल्लामा पनि भएको पाइयो । यहाँको सामरी-४ की एक महिलालाई असोज ५ गते बोक्सीको आरोपमा कुटपिट गरी मानव मलमूत्र समेत खुवाउने प्रयास गरिएको थियो । सिन्धुपाल्चोक जिल्ला चोकटी गाविस ६ स्थित लाटुकी एक महिलालाई पनि बोक्सीको आरोपमा दुर्व्यवहार गरिएको थियो ।

नेपाली समाजमा छुवाछूतको व्यवहार जातीय हिसाबले मात्रै होइन, लैङ्गिक हिसाबले पनि हुने गरेको छ । महिलालाई महिनावारीको समयमा छुवाछूत गरिने संस्कार अझापि छ । कालिकोट जिल्लामा त्यस्तै एक घटना भएको पाइयो । त्यहाँ महिनावारी भएकी एक महिलालाई धारा छुन प्रतिबन्ध लगाइएको थियो (त्रैमासिक प्रतिवेदन, मध्य पश्चिमाञ्चल विश्वविद्यालय) ।

**विगतका प्रतिवेदनमा उल्लेख गरिएझैं यस अवधिमा पनि जातीय छुवाछूत र विभेदका घटना भएको पाइयो । खास गरी दलित जातिलाई अन्य जातकाले छुवाछूत र भेदभाव गर्ने, सार्वजनिक ठाउँमा गाली बेइज्जती गर्ने घटना यस अवधिमा देखा परे ।**

जातीय छुवाछूत र उचनिचको विभेदपूर्ण व्यवहार कानुनतः दण्डनीय भए पनि नेपाली समाजलाई यस्तो व्यवहारले नराम्ररी गाँजेको पाइन्छ । त्यस्तो अभ्यासको एक उदाहरण दोलखा जिल्लामा देखिएको थियो । २०७२ भदौ २५ मा दोलखा जिल्लाको एक प्राथमिक विद्यालयमा सहयोगीका रूपमा कार्यरत एक दलित युवतीलाई शिक्षा कार्यालय दोलखा अन्तर्गत कालिन्चोक उच्चमावि चरिकोट केन्द्रको स्रोत व्यक्ति एक ब्राह्मण महिलाले विद्यालय हातामा जातीय भेदभाव गरी गाली गलौज गरेको भन्दै असोज १४ गते पीडितले उजुरी दिएकी थिइन् । विद्यालयको निरीक्षण गर्न आएकी स्रोत व्यक्तिले पानी मागी खाएको र पछि पानी दिने उक्त युवती दलित जातिकी हुन् भन्ने थाहा पाएपछि गाली गलौज गरेको जानकारी प्राप्त भएको छ ।

**मधेसमा लगातार भएको बन्द, सीमा नाकाको धर्ना र नाकाबन्दीले यसका पक्ष र विपक्षमा समुदायबीच भित्रभित्रै तिक्तता ल्याइरहेको पाइयो । यस सन्दर्भमा मधेस र भारत दुवै जोडिएकाले यसमा नागरिकहरूबीच वैचारिक**

**ध्रुवीकरण ल्याए पनि देखिने गरी सामाजिक सद्भाव नबिग्रिएको पाइयो । सद्भाव बिग्रन नदिनका लागि केही प्रयास पनि भएको पाइयो ।**

आन्दोलन लम्बिँदै जाँदा प्रहरीसँग झडपका घटना पनि प्रशस्तै भएको र प्रहरीसँग आन्दोलनकारी आक्रोशित बनेको पाइयो । महोत्तरीको जलेश्वरमा भदौ २३ गते प्रहरीको गोली लागी चार जनाको मृत्यु भएपछि उत्तेजित युवाहरूले प्रहरीले भाडामा लिएर बसेको घर खाली गराउन धनुषास्थित संयुक्त युवा क्लव संघर्ष समितिमार्फत घरधनीसँग आग्रह गरेका थिए । त्यस्तै, प्रहरीलाई पानी खुवाएको आरोपमा पनि पत्रकारको घरमा तोडफोड गरेको पाइयो। २०७२ भदौ २६ गते पूर्वाधार सप्ताहिकका पत्रकारको जनकपुर उपमहानगरपालिका-४ स्थित कप्लेश्वर जाने बाटोमा रहेको घर प्रर्दशनकारीहरूले त्यस्तो आरोपमा तोडफोड गरेका थिए (त्रैमासिक प्रतिवेदन, इन्सेक मध्यमाञ्चल)

जारी मधेस आन्दोलनको समाचार सम्प्रेषणमा एकै घटनाको प्रस्तुतीकरणमा मिडियाहरूको रिपोर्टिङ आपसमा बाझिने गरेको पनि पाइयो । फलस्वरूप सञ्चारकर्मी र मधेसका आन्दोलनकारीबीच असहजताका केही घटना यस अवधिमा देखिए । आन्दोलनको विरुद्धमा समाचार प्रसारण या प्रकाशन गरेको आरोपमा मधेसी मोर्चाका कार्यकर्ताले केही सञ्चारकर्मी र सञ्चारगृहमा दुर्व्यवहार गरेका घटनाहरू समेत भेटिए । कपिलवस्तु जिल्लाको कृष्णनगरबाट प्रकाशित हुने एक साप्ताहिकका सम्पादक तथा पत्रकार महासंघका केन्द्रीय पार्षदलाई समाचारको विषय चित्त नबुझेर असोज ११ गते मधेसी मोर्चाका कार्यकर्ताद्वारा कुटपिट तथा दुर्व्यवहार गरिएकोले त्यसको नेपाल पत्रकार महासंघले विज्ञप्ति जारी गरी निन्दा गरेको थियो । उक्त विज्ञप्तिमा घटनामा संलग्नलाई आन्दोलनरत मधेसी मोर्चाले कारवाही नगरे मधेसमा आन्दोलनको समाचार बहिस्कार गर्ने चेतावनी समेत दिइएको थियो । त्यसै गरी नवलपरासी जिल्ला स्थित रेडियो परासीमा मंसिर १० मा पार्किङ गरेको मोटरसाइकलमा आगजनी गरी स्टेसन रहेको भवनमा पेट्रोल बम प्रहार गरिएको थियो । रेडियो स्टेसनका प्रबन्ध निर्देशकका अनुसार अघिल्लो राति १० बजेको समाचार बुलेटिनको समयमा अज्ञात व्यक्तिले रेडियोमा फोन गरी नाकाबन्दीलाई प्राथमिकता दिई मधेस आन्दोलनको विरुद्धमा समाचार दिएको भन्दै धम्की दिएको केही घण्टामा यस्तो घटना भएको थियो । त्यसो त बन्दको अवज्ञा गरी पत्रिका प्रकाशन र वितरण गरेको भन्दै कपिलवस्तुबाट प्रकाशित एक दैनिक पत्रिका र बुटवलवाट प्रकाशित अर्को दैनिक पत्रिकालाई आन्दोलनकारीहरूले चार नम्बर जितपुर तौलिहवा सडक खण्डको जहदीमा २०७२ भदौ १७ गते आगो लगाई जलाइदिएको पाइयो ।

२०७२ असोज ३ गते आन्दोलनकारीले बीरगन्जमा नेपाल पत्रकार महासंघ जिल्ला शाखाको भवनमा समेत तोडफोड गरेका थिए । त्यस्तै बीरगन्जमै २०७२ असोज २२ गते एभिन्यूज टेलिभिजनका बीरगंज ब्यूरो प्रमुख र संवाददाता माथि सांघातिक हमला गरिएको पाइयो । सो घटनामा आदर्शनगर चोकबाट टेलिभिजनका लागि लाइभ रिपोर्टिङमा उनीहरूले “आन्दोलनमा हजारौँ नागरिकको सहभागिता रहेको” बताउँदै गर्दा आन्दोलनकारीहरूले “लाखौँ” किन नभनेको भन्दै आक्रमण गरेका थिए (त्रैमासिक प्रतिवेदन– इन्सेक मध्यमाञ्चल) ।

आन्दोलनका कारण तनाव सृजना भएका जिल्लाहरूमा राष्ट्रिय मानवअधिकार आयोग, शान्तिका लागि नागरिक समाजको संजाल लगायत अन्य मानव अधिकारवादी संस्थाहरूले अनुगमन गरी आन्दोलनलाई मर्यादित बनाउन र आन्दोलनका क्रममा नागरिकहरूका आधारभूत अधिकारको सम्मान गर्न आग्रह गरिरहेको पाइयो। कास्कीमा सामाजिक सद्भावका लागि नागरिक समाजको नेतृत्वमा विभिन्न संघसंस्थाहरूको सहभागितामा सद्भाव र्‍याली निकालिएको थियो (त्रैमासिक प्रतिवेदन– इन्सेक पश्चिमाञ्चल) । मधेसी र पहाडी समुदायबीच तिक्तता बढेको परिवेशमा सद्भाव बढाउने एक उदाहरण काठमाडौँमा देखियो । समाजिक सद्भाव कायम होस् भन्दै काठमाडौँमा ३५ जोडी मधेसी र पहाडीबीच असोज २३ गते मित लगाइयो । संविधानमा असन्तुष्टि जनाई मधेसमा २०७२ साउन ३० गतेदेखि भइरहेको आन्दोलनले पहाडी र मधेसीबीचमा ल्याएको तिक्ततालाई कम पार्न र सबै मधेसी, पहाडी दाजुभाइ हो भनेर

सन्देश दिनका लागि उक्त मित लगाउने कार्यक्रम गरिएको अनेरास्ववियुकी केन्द्रीय सचिवको भनाइ थियो । पछि यस्तै मित लगाउने अभियान बीरगन्जमा पनि गरिएको पाइयो । यसै गरी युवा विधार्थीहरूले मधेसी पहिरन धोती र कुर्ता लगाएर बानेश्वर सडक खण्डमा ऱ्याली निकाली पहाडी र मधेसी समुदाय बीचको एकता कायम गर्न सन्देश दिएका थिए । ऱ्यालीका सहभागीहरूले राष्ट्रिय झण्डाका साथै मेरो जनकपुर, मेरो पशुपतिनाथ, मेरो नेपाल, मेरो लुम्बिनी, मेरो मुस्ताङ लेखिएका प्ले कार्ड बोकेका थिए (त्रैमासिक प्रतिवेदन–इन्सेक मध्यमाञ्चल) ।

## ३. राजनीतिक परिचालन /तनाव

**अघिल्लो प्रतिवेदनमा उल्लेख गरिएझैं मधेसमा मधेसी मोर्चाको आह्वानमा भएको आन्दोलनमा हिँसाका गतिविधि बढेका थिए जसको फलस्वरूप आन्दोलनकारीको मृत्यु हुने, उनीहरू घाइते हुने र भौतिक सम्पत्तिको क्षति हुने जस्ता घटना यस अवधिमा पनि देखा परे ।**

२०७२ असोज ३ मा संविधान जारी भएपछि त्यसको स्वागतमा विभिन्न राजनीतिक दलहरूले जिल्ला जिल्लामा खुशियाली मनाउँदै दीपावली गरेको पाइयो भने अर्कातिर उक्त संविधानमा आफूहरूको मागलाई सम्बोधन नगरिएको भन्दै संघीय लिम्बूवान पार्टी नेपाल, संघीय समाजवादी फोरम लगायत मधेसका सबैजसो पार्टीले विरोध गरेको पाइयो । संविधानको मस्यौदा बाहिर आएदेखि नै मधेस केन्द्रित दलहरूले त त्यसको विरोध गर्दै संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा निर्माण गरी आन्दोलनमा सक्रिय भएका थिए । मधेसी मोर्चाका कार्यकर्ताहरूले आन्दोलनका क्रममा घरेलु हातहतियारसहित विरोधमा ओर्लिएको पाइयो भने प्रहरीले विरोध प्रर्दशनलाई रोक्न तथा हिंसा हुन नदिन अत्यधिक बल प्रयोग गरेको समेत भेटियो । प्रहरीले बल प्रयोग गर्दा प्रर्दशनकारीहरूले पनि झन् उत्तेजित भई सरकारी कार्यालय, सरकारी, सार्वजनिक तथा निजी सवारी साधन, सभासद तथा सभासदहरूको घरमा आक्रमण तथा तोडफोड गरेको पाइयो (त्रैमासिक प्रतिवेदन– मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह पूर्वाञ्चल, इन्सेक मध्यमाञ्चल, इन्सेक पश्चिमाञ्चल, मध्य पश्चिमाञ्चल विश्वविद्यालय) ।

महोत्तरी, धनुषा, रौतहट, बारा आदि जिल्लामा केही राजनीतिक दल जस्तै नेपाली काँग्रेस र नेकपा एमालेका पार्टी कार्यालयमा समेत आन्दोलनकारीले आक्रमण गरेको भेटियो । आन्दोलनलाई हिंसात्मक वा अनियन्त्रित हुन नदिन जिल्ला प्रशासन कार्यालयद्वारा धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा जिल्लामा निषेधित क्षेत्र घोषणा गरिएको थियो । निषेधित क्षेत्र तोड्दै प्रहरी कार्यालय र सरकारी कार्यालयमा तोडफोड गरी प्रहरीमाथि आक्रमण गर्न थालेपछि स्थानीय प्रशासनले धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा जिल्लालाई दंगा ग्रस्त क्षेत्र घोषणा गरेता पनि आन्दोलनकारीहरूले त्यसको अवज्ञा गर्दै विरोध प्रर्दशन गरेपछि प्रहरीले गोली चलाएका थिए (त्रैमासिक प्रतिवेदन– इन्सेक मध्यमाञ्चल) ।

शान्तिपूर्ण भनिए पनि आन्दोलनमा हिंसात्मक गतिविधि देखिए र प्रहरी दमन पनि भएको पाइयो । महोत्तरी जिल्लास्थित जलेश्वरको शंकर चोकमा प्रदर्शनकारीको आक्रमणबाट २०७२ भदौ २५ गते घाइते भएका सशस्त्र प्रहरीका प्रहरी सहायक निरीक्षक थमनबहादुर विकलाई उपचार लागि जनकपुर अञ्चल अस्पताल लैजाँदै गर्दा आन्दोलनकारीहरूले महोत्तरीको सनउखरा भन्ने ठाउँमा एम्बुलेन्सबाट झिकेर भाटाले हानेर हत्या गरेको जिल्ला प्रहरी कार्यालयले जानकारी दिएको छ । आन्दोलनकारीले बन्दको अवज्ञा गरेको आरोपमा तराईका विभिन्न स्थानमा सवारी साधनमाथि तोडफोड र आगजनी पनि गरेका थिए । औषधी बोकेको ट्रक र एम्बुलेन्समा समेत आन्दोलनकारीले आगो लगाइदिएको पाइयो । प्रहरीले चलाएको गोली लागी मध्यमाञ्चल क्षेत्र अन्तर्गतका जिल्लाहरूमा भदौ १६ देखि मंसिर १४ सम्मको तीन महिनामा धनुषामा ३ जना, महोत्तरीमा ६ जना, बारामा १ जना र पर्सामा ७ जनाको मृत्यु भएको थियो । आन्दोलनका क्रममा सयौँको संख्यामा आन्दोलनकारी र सुरक्षाकर्मीहरू घाइते भएका थिए (त्रैमासिक

प्रतिवेदन– इन्सेक मध्यमाञ्चल) । यो अवधिमा धनुषामा ७, महोत्तरीमा ४, सर्लाहीमा २, पर्सामा २ र कपिलवस्तुमा १ प्रहरी कार्यालयमा मधेसी मोर्चाका कार्यकर्ताहरूले आक्रमण गरी आगजनी गरेका थिए (त्रैमासिक प्रतिवेदन– इन्सेक मध्यमाञ्चल, इन्सेक पश्चिमाञ्चल) ।

संघीय लिम्बूवान पार्टी सहितको लिम्बूवान संघर्ष समितिले नयाँ संविधानको विरोध गर्दै २०७२ असोज ३ गतेदेखि अरुण पूर्वका ९ जिल्लामा अनिश्चितकालीन बन्दको घोषणा गरेका थिए । संविधानमा आफ्नो माग नसमेटिएको भन्दै संविधान जलाउने, राँके जुलुस निकाल्ने, मुखमा कालो पट्टी बाँधेर मौन जुलुस निकाल्ने आदि गरेको पाइएको थियो । बन्दका कारण बजार, यातायात तथा शैक्षिक संस्था ३ दिनसम्म प्रभावित भएका थिए । संघीय लिम्बूवान पार्टीका कार्यकर्ताले बन्दको अवज्ञा गरेको आरोपमा विरामी बोकेको गाडीलाई समेत तोडफोड गरेको पाइयो । पछि इलामका काँग्रेस, एमाले र एमाओवादीका राजनीतिक कार्यकर्ताको पहलमा २०७२ असोज ५ गते बन्द खुलाइएको थियो । त्यस क्रममा ती कार्यकर्ताले लिम्बूवान कार्यकर्तालाई कुटपिट गर्ने, लिम्बूवान पार्टीको कार्यालय तोडफोड गर्ने, संघीय समाजवादी फोरमको पार्टीको झण्डा जलाउने आदि काम गर्नुका साथै लिम्बूवान चाहिँदैन भन्ने जस्ता नारा लगाएको पाइएको थियो (त्रैमासिक प्रतिवेदन– मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह पूर्वाञ्चल) । मधेसमा पनि बन्दकर्ता र त्यसको विरोधमा उत्रेका चुरे भावर राष्ट्रिय एकता पार्टीका कार्यकर्ताबीच २०७२ मंसिर ८ गते सर्लाहीको फुलजोरमा झडप समेत भएको थियो (त्रैमासिक प्रतिवेदन– इन्सेक मध्यमाञ्चल) ।

संविधान घोषणाअघि मधेसी मोर्चाको आन्दोलन सडकमा केन्द्रित थियो र हिंसात्मक गतिविधि तथा प्रहरी दमन दुवै बढेकाले तोडफोड, घाइतेको संख्या र मृतकको संख्या बढेको पाइयो भने संविधानको घोषणापछि आन्दोलन नाकामा धर्ना दिन बढी केन्द्रित भएपछि यो कम हिंसात्मक भएको पाइयो । आन्दोलन मधेसका सबै जिल्लामा चलेको भए पनि कोशी पश्चिम र मकवानपुर पूर्वका जिल्लामा आन्दोलनको प्रभाव बढी देखियो ।यस अवधिमा मोर्चा र तीन दलीय प्रतिनिधि एवं सरकार पक्षबीच विभिन्न चरणमा वार्ता भए पनि ती विना निष्कर्ष नै टुङ्गिएका थिए (त्रैमासिक प्रतिवेदन– इन्सेक मध्यमाञ्चल) ।

यस अवधिमा अन्य राजनीतिक दलको बाह्य गतिविधि उति धेरै देखिएन । नेकपा माओवादी (विप्लव) समूहद्वारा नाकाबन्दीको विरोधमा भारतीय टेलिभिजन च्यानल र चलचित्रहरूको प्रसारण एवं प्रदर्शनमा रोक लगाउन चलचित्र उत्पादक, वितरक, चलचित्र हल र केबुल सञ्चालकहरूलाई पत्राचार गरेको विप्लव समूहका प्रवक्ता ले बताएका थिए । यसअघि पनि भारतको नाकाबन्दीलगत्तै नेपालको सार्वभौमिकतामाथिको ठाडो हस्तक्षेप भएको भन्दै विप्लव नेतृत्वको माओवादीले सम्पूर्ण भारतीय च्यानलहरू बन्द गराएको थियो । तर तत्कालीन सूचना तथा सञ्चारमन्त्रीको दबावपछि भारतीय च्यानलहरू पुनः प्रसारणमा आएका थिए (त्रैमासिक प्रतिवेदन– इन्सेक मध्यमाञ्चल) । भारतीय नाकाबन्दीको विरोध गर्दै नेकपा माओवादी (विप्लव) समूहले २०७२ मङ्सिर १३ गते एक दिने नेपाल बन्दको आह्वान गरेको थियो । सोही क्रममा बाँके जिल्लामा बन्द उल्लङ्घन गरेको आरोपमा एक बस तोडफोड गरिएको पाइयो (त्रैमासिक प्रतिवेदन– मध्य पश्चिमाञ्चल विश्वविद्यालय) । यस दलका कार्यकर्ताले प्युठान जिल्लामा प्युठान नगरपालिका -६ मा रहेको व्यक्तिगत जग्गा मङ्सिर ४ गते झण्डा गाडेर कब्जा गरेको पाइयो (त्रैमासिक प्रतिवेदन– मध्य पश्चिमाञ्चल विश्वविद्यालय)।

## ४. स्रोत साधनमाथिको द्वन्द्व

यस अवधिमा स्रोत साधनमाथिको द्वन्द्वसम्बन्धी उल्लेख्य घटना भएको पाइएन ।

## ५. संक्रमणकालीन न्याय/ न्यायमाथिको पहुँच

**अधिकांश द्वन्द्व पीडितहरूले आंशिक राहत मात्रै पाएको र केही पीडितहरूले अझै केही पनि पाउन नसकेको भेटियो । उनीहरूको न्याय पाउने आशा अझै कायम रहेको तर राज्यको त्यसलाई सम्बोधन गर्ने तर्फको क्रियाकलाप निराशाजनक देखिएको छ ।**

द्वन्द्व रूपान्तरणका लागि गठित शान्ति तथा पुनर्निर्माण मन्त्रालयसँग विस्तृत शान्ति सम्झौता भएको आठ वर्ष बितिसक्दासमेत द्वन्द्वपीडित नागरिकहरूको यथार्थ तथ्याङ्क नभएको पाइन्छ । द्वन्द्व पीडितहरूको न्यायको लागि सरकारले सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता छानविन आयोग गठन गरेपनि पीडितहरूले न्याय पाउन नसकेको देखिन्छ । नियमावली नबनेकाले यी आयोग गठन भएको एक वर्ष पुग्दासम्म पनि निष्क्रिय नै हुन पुगेका छन् (त्रैमासिक प्रतिवेदन– मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह पूर्वाञ्चल, इन्सेक मध्यमाञ्चल, इन्सेक पशिचमाञ्चल) । २०७२ असोज १० मा राष्ट्रिय मानवअधिकार आयोगको टोलीले सशस्त्र द्वन्द्वमा चितवनको माडीस्थित बाँदरमुढेमा भएको यात्रु बस विस्फोटका मृतकका आफन्त र घाइतेहरूसँग भेटघाट गरेको थियो । सो भेटघाटमा पीडितहरूले आफूले न्याय नपाएको दुःखेसो पोखेका थिए । बाँदरमुढे घटनाका मृतक परिवारले प्रति परिवार रु १० लाख पाउने भनिए पनि ५ लाख मात्रै पाएको र घाइतेमध्ये पनि दुई परिवारले २ लाख एकमुष्ट र मासिक ७ हजार पाउने गरेको तर अन्य १६ घाइतेले हालसम्म जम्मा ४० हजारका दरले मात्र पाएको देखिन्छ । राष्ट्रिय मानवअधिकार आयोगले २०७२ असोजमा तीन ओटा अलग अलग अध्ययन टोली रामेछाप, चितवन, धादिङमा परिचालन गरेको थियो । ती टोलीसँगको भेटघाटका क्रममा पीडित र तीनका आफन्तले सत्य निरुपण तथा मेलमिलाप आयोग गठनपश्चात छिटो दोषीलाई कारवाही गरी न्याय दिलाउन माग गरेको टोली सदस्यले जानकारी दिएका थिए (त्रैमासिक प्रतिवेदन– इन्सेक मध्यमाञ्चल) ।

मध्यपशिचमाञ्चल विकास क्षेत्रमा सशस्त्र द्वन्द्वका क्रममा तत्कालीन माओवादीबाट ज्यान गुमाएका दैलेखका पत्रकार डेकेन्द्र थापाको मुद्दामा पुनरावेदन अदालत सुर्खेतले जिल्ला अदालतको फैसला सदर गरेपछि भने द्वन्द्व पीडितहरूमा न्यायको आशा केही मात्रामा पलाएको देखिन्छ (त्रैमासिक प्रतिवेदन– मध्य पशिचमाञ्चल विश्वविद्यालय) ।

त्यस्तै, नेपाल माइनमुक्त घोषणा भए पनि यस अवधिमा बर्दिया र जुम्ला जिल्लामा सशस्त्र द्वन्द्वको समयमा बेवारिसे अवस्थामा छोडिएका बम भेटिएका थिए । पछि ती बमलाई नेपाली सेनाले निष्क्रिय बनाएको थियो । यस अवधिमा बलात्कारसम्बन्धी भएका अधिकांश घटनाका आरोपितलाई प्रहरीले गिरफ्तार गरी कानुनी प्रक्रिया चलाएको पाइयो । यद्यपि मुगुको एउटा बलात्कारको घटनामा कानुनी प्रक्रियाबाहिर रही आर्थिक लेनदेनमार्फत मिलाउने प्रयास गरिएको पाइयो (त्रैमासिक प्रतिवेदन– मध्य पशिचमाञ्चल विश्वविद्यालय) ।

## ६. भूकम्पपछिको राहत/सहयोग वितरणसम्बन्धी चुनौती/द्वन्द्व

**भूकम्पका पीडितले तत्कालको राहत पाए पनि अल्पकालीन र दीर्घकालीलन राहत पाउन सकेका छैनन् । वर्षा याममा पहिरो, असिना, आदिको जोखिममा रहेका पीडितहरू जाडो मौसमको सुरुवातसँगै न्यानो लुगा नहुनु, पर्याप्त खाद्य सामग्रीहरू उपलब्ध नहुनु जस्ता समस्याबाट गुज्रेको पाइएको छ ।**

२०७२ वैशाख १२ गते र वैशाख २९ गएको भूकम्पले पीडित बनेका नागरिकहरूले उचित राहत पाउन नसकेको अवस्था छ । यस अवधिमा राज्यले पीडितहरूका लागि प्रारम्भिक राहत बाहेक अन्य सहयोग उपलब्ध गराउन नसकेको देखियो । पीडितहरू वर्षायाममा पहिरो, असिना, आदिको जोखिममा रहेका थिए । कात्तिकको दोस्रो साता आएको असिनाले भूकम्प पीडितहरूको शिविरमा रहेको पालहरू प्वाल पारिदिँदा सिन्धुपाल्चोक जिल्लाको सेलाङ गाविस ८ स्थित बासखर्कमा अस्थायी शिविर बनाएर बसेका भूकम्प पीडितहरूको बिचल्ली भएको थियो (त्रैमासिक प्रतिवेदन–

इन्सेक मध्यमाञ्चल) । गोरखा जिल्लामा जस्ता, त्रिपाल र बाँसले बारेर बनाइएका अस्थायी टहराहरूमा विद्यालय सञ्चालन गरिएकाले गर्मी याममा अत्यधिक गर्मी भई विद्यार्थीहरू धमाधम विरामी भएका थिए । भूकम्पको केन्द्रबिन्दु बारपाक गाविसको हिमालय उच्च मावि, ताप्ले गाविसको महालक्ष्मी उच्च मावि, बोर्लाङ गाविसको सरस्वती उच्च माविका विद्यार्थीहरू गर्मीका कारण बिरामी भएको पाइएको थियो (त्रैमासिक प्रतिवेदन– इन्सेक पश्चिमाञ्चल)। भूकम्पले खल्बल्याएको जमिन फुटेर पहिरोको रूप लिएपछि रामेछाप जिल्लाको दुरागाउँ गाविसका १ सय ५५ घर परिवार विस्थापित भएका पाइयो(त्रैमासिक प्रतिवेदन– इन्सेक मध्यमाञ्चल) । पछिल्लो समयमा जाडो मौसमको सुरुवातसँगै न्यानो लुगा नहुनु, पर्याप्त खाद्य सामग्रीहरू उपलब्ध नहुनु जस्ता समस्याले पीडितलाई चिन्तित बनाएको देखिन्छ । चिसोका कारण पीडितहरूमध्ये वृद्धवृद्धा र बालबालिकालाई श्वास प्रश्वासको समस्या भएको समेत पाइयो ( त्रैमासिक प्रतिवेदन– इन्सेक मध्यमाञ्चल, इन्सेक पश्चिमाञ्चल) ।

पीडितहरूका लागि राज्यले उपलब्ध गराउने सहायता समयमा नै उपलब्ध हुन नसकेका कारण उनीहरू थप पीडित भएको पाइएको छ । गुल्मी जिल्लामा जैसीथोक, नयाँगाउँ, नेटा, मुसिकोट लगायतका गाविसका भूकम्प पीडितहरूले सरकारी राहत नपाएको गुनासो गरेका थिए (त्रैमासिक प्रतिवेदन– इन्सेक पश्चिमाञ्चल)। नुवाकोट, चितवन लगायतका जिल्लामा पनि भूकम्प पीडितले हालसम्म राहत नपाएको गुनासाहरू गरेको पाइयो । चितवनको भण्डाराका भूकम्प पीडितहरूले त्यस्तो गुनासो गरेका थिए । नुवाकोटको हल्देकालिका गाविसका भूकम्प पीडित नागरिकहरूले साढे पाँच महिना पुग्न लाग्दा समेत राहत पाउनबाट बञ्चित भएको भन्दै राष्ट्रिय मानव अधिकार आयोगले जिल्ला प्रशासन कार्यालय नुवाकोटलाई ध्यानाकर्षण गराएको थियो । सरकारले अस्थायी आवास बापतको रु.१५ हजार र भूकम्प पीडित परिचय पत्र नदिएपछि हल्देकालिका गाविसका भूकम्प पीडितहरूले पनि असोज २५ गते जिल्ला प्रशासन कार्यालयमा धर्ना दिएका थिए (त्रैमासिक प्रतिवेदन– इन्सेक मध्यमाञ्चल) ।

लमजुङमा भूकम्प प्रभावित क्षेत्रमा पीडितलाई प्रदान गरिने भनिएको राहतको खाद्य सामग्री लामो समयसम्म जिल्ला विकास समितिको सभाहलमा गाविस सचिवको ढिलासुस्तीले बेवारिसे अवस्थामा रहेको २०७२ भाद्र १९ गते जिल्लाका नागरिक समाज, पत्रकार र अधिकारकर्मीको एक टोलीले गरेको अनुगमनका क्रममा फेला परेको थियो । तीन गाविसका लागि छुट्टयाइएको उक्त खाद्य सामग्री खान नहुने अवस्थामा भएको टोलीको भनाइ थियो (त्रैमासिक प्रतिवेदन– इन्सेक पश्चिमाञ्चल) । उदयपुर जिल्लाका हर्देनी गाविसका भूकम्प पीडितहरू भदौ २३ गते जिल्ला प्रशासन कार्यालयमा आई गाविस सचिवको लापरवाहीका कारण आफूहरू सरकारी राहतबाट बञ्चित भएको गुनासो गरेका थिए । सचिवले वास्तविक पीडितलाई सिफारिस नदिएको बरु नक्कली पीडितलाई सिफारिस गरिदिएको उनीहरूको गुनासो थियो (त्रैमासिक प्रतिवेदन– इन्सेक मध्यमाञ्चल) ।

भूकम्पका कारण स्वास्थ्य संस्थाको भवन भत्किएपछि विभिन्न स्थानमा स्वास्थ्य सेवा प्रभावित भएको पाइन्छ । त्यस्तो एक उदाहरण रामेछापमा देख्न सकिन्छ । यहाँको खनियापानी गाविसस्थित भिरकोटको स्वास्थ्य संस्थाको भवन भत्किएपछि स्वास्थ्य सेवा बन्द भएको छ (त्रैमासिक प्रतिवेदन– इन्सेक मध्यमाञ्चल) ।

“शान्तिको लागि क्षमता” युरोपियन युनियनको सहयोगमा (इन्स्ट्रुमेन्ट फर स्टेविलिटी अन्तरगत) सञ्चालन गरिएको परियोजना हो । द्वन्द्वको प्रारम्भिक संकेत पहिचान गरी त्यसका लागि पूर्व तयारी (अर्ली वार्निंग एंड रेस्पोन्स) मा जुट्नका निम्ति स्थानीय सहकर्मी संस्थाका प्रतिनिधिहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्य लिएको यस परियोजनालाई सेफरवर्ल्ड तथा कन्सीलिएशन रिसोर्सेसले ३२ वटा विभिन्न मुलुकहरूमा कार्यान्वयन गर्दै आइरहेको छ । यो परियोजनाको अवधि सन् २०१३ फेब्रुअरी देखि सन् २०१६ फेब्रुअरीसम्म रहेको छ । यस परियोजनाको उद्देश्यहरू निम्नानुसार रहेका छन्:

क) द्वन्द्व विश्लेषण र पूर्व तयारीको रणनीतिहरूका विकासको लागि स्थानीय गैर-सरकारी संस्थाहरूको क्षमता तथा अनुभवलाई तालिम र अभ्यासद्वारा अभिवृद्धि गर्ने, ख) प्रारम्भिक संकेत र पूर्व तयारीको क्षेत्रमा कार्य गदै आइरहेका गैर-सरकारी संस्थाहरू बीच आपसी सहकार्य र साझेदारीको अभिवृद्धि गर्ने, ग) नेपालमा गरिंदै आइरहेको द्वन्द्व विश्लेषण र विभिन्न कार्यक्रमहरूबाट प्राप्त प्रारम्भिक सूचनाहरूको संकलन र प्रयोग, र घ) परियोजनाबाट प्राप्त प्रारम्भिक संकेतको क्षमता र प्रक्रियाका सिकाइहरूको संकलन र प्रचारप्रसार गर्ने ।

नेपालमा, सेफरवर्ल्डले अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), नेपाल मधेश फाउंडेशन (नेमाफ), मानवअधिकार सञ्जाल तथा शान्ति कार्य समूह- नेपाल (प्याग-नेपाल), शान्तिका लागि साझा अभियान (कोक्याप), नेपालमनिटर डट ओआरजी, दक्षिण एशिया अध्ययन केन्द्र (सी.एस.ए.एस) र द्वन्द्व तथा शान्ति अध्ययन विभाग (मध्य-पश्चिमाञ्चल विश्व विद्यालय, सुर्खेत) सँग सहकार्य गर्दै आइरहेको छ ।”